# इनरूवा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
इनरूवा, सुनसरी

**बोलपत्र आव्हान वा E-Bidding को सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/०५/०१**

यस कार्यालयको आ.ब. ०७९/८० मा संघिय सरकार, प्रदेश सरकार र न.पा. बाट स्वीकृत तपसिलका निर्माण कार्य बोलपत्रको माध्यमबाट गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त निर्माण व्यवसायीहरूबाट निम्न शर्तहरूको अधिनमा रही शिलबन्दी बोलपत्र वा **E-bidding** को माध्यम बाट बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. तपसिलमा उल्लेखित दस्तुर (फिता नहुने) नगद बुझाई नगदी रसील साथ निर्माण व्यवसायीले व्यवसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. ७७/७८को कर चुक्ताको प्रमाणपत्रको प्रमाणपत्र संलग्न राखी इनरूवा नगरपालिका कार्यालय, इनरूवा तथा www.bolpatra.gov.np बाट यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिनेछ । खरिद भएको बोलपत्र सम्बन्धी कागजात ३१ औ. दिन दिनको १२.०० बजे सम्म इनरूवा नगरपालिका कार्यालय, इनरूवामा **E-bidding** बाट मात्र दर्ता गराउनु पर्नेछ ।

२. दर्ता भएका बोलपत्रहरू अन्तिम दर्ता गर्नु पर्ने दिनको २.०० बजे कार्यालयका प्रतिनिधिहरू र बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा इनरूवा नगरपालिका कार्यालय, इनरूवामा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।

३. बोलपत्र बिक्री तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरू बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

४. शिलबन्दी बोलपत्र साथ इनरूवा नगरपालिका कार्यालय, इनरूवाको नाममा राष्ट्रिय बाणिज्य बैंक, ईनरूवा शाखामा रहेका आन्तरिक राजश्व खाता न. २२२०१००३०१०१०००३ मा फारम दस्तुर वापत नगद जम्मा गरेको सक्कल बैंक भौचर र बोलपत्र जमानत नेपाल राष्ट्रिय बैंक "क" वर्गको मान्यता प्राप्त बैंक बाट इनरूवा नगरपालिका कार्यालय, इनरूवाको नाममा जारी भएको कार्य प्रयोजन एवं ठेक्का नम्बर अनिवार्य रूपमा उल्लेख भएको बोलपत्र जमानत पत्र (बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट १२० दिन सम्म म्याद भएको) पेश गर्नु पर्नेछ ।

५. बोलपत्रदाताले बोलपत्रमा दररेट भर्दा मुल्य अभिवृद्धि कर बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । बोलपत्रमा प्रत्येक आइटमवाइज दर अंक र अक्षर दुवै स्पष्ट लेखी प्रत्येक पानामा सहि छाप गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठांउमा बोलपत्रदाताको सही छाप भएको हुनुपर्नेछ ।

६. टर्नओभर, कार्यअनुभव, जनशक्ति, उपकरण एवं आर्थिक पक्षहरू बोलपत्र सम्बन्धि कागजातमा उल्लेख भए अनुसार पेश गर्नुपर्नेछ । संयुक्त उपक्रमको हकमा मुख्य साझेदार (लिड पार्टनर) को हिस्सा कम्तीमा ४० प्रतिशत तथा अन्य साझेदारहरूको हिस्सा कम्तीमा २५ प्रतिशत हुनुपर्नेछ ।

७. नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्ध गरी कालो सुचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफरिस गरिनेछ ।

८. रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखी पेश हुन आएका बोलपत्रहरू मान्य हुनेछैन ।

९. बोलपत्रदातालाई बोलपत्र पेश गर्नु अगाडी आफनै खर्च र जिम्मेबारीमा कामको स्थलगत भ्रमण गरी कामको बारेमा स्थलगत जानकारी लिन अनुरोध गरिएको छ ।

१०. बोलपत्र स्वीकृत गर्ने, रद्ध गर्ने र आंशिक रूपमा स्वीकृत गर्ने वा नगर्ने" सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

११. यस सुचनामा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ (संशोधन सहित) र स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ बमोजिम हुनेछ ।

१२. यो सुचना सार्वजनिक खरिद अनुगमनको कार्यालयको website: www.bolpatra.gov.np र इनरूवा नगरपालिका कार्यालयको website: www.inaruwamun.gov.np मा समेत राखिएको छ ।

**तपसिल**

| सि.न | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम (कन्टिन्जेन्सी र भ्याट बाहेक) रू. | धरौटी रकम रू. | फाराम दस्तुर रू. |
|---|---|---|---|---|---|
| १. | १/०७९/८० | फिरोज खानको घरदेखि पश्चिम मुसहरी जाने सडकमा पक्की नाला तथा कालोपत्रे गर्ने कार्य, इनरुवा-३ | ९८,१६,९३३।०८ | २,५०,०००।०० | ३,०००।०० |
| २. | २/०७९/८० | पर्मी मेहताको घर देखि उतर पुर्व तर्फ पक्की नाला निर्माण गर्ने कार्य, इनरुवा-२ | ८६,४१,५५०।२३ | २,२०,०००।०० | ३,०००।०० |
| ३. | ३/०७९/८० | उराव आदिवासी जनजातीहरुको उत्थानका लागि संग्रहालय भवन निर्माण गर्ने कार्य, इनरुवा-२ | ७४,१८,९१०।८७ | १,९०,०००।०० | ३,०००।०० |
| ४. | ४/०७९/८० | शारदा मार्गमा पक्की ढल निर्माण गर्ने कार्य, इनरुवा-५ | ८७,५६,३१३।३४ | २,२५,०००।०० | ३०००।०० |
| ५. | ५/०७९/८० | कालोपत्रे सडक निर्माण गर्ने कार्य, इनरुवाः ७ र १० | ५०,०६,४३६।६३ | १,२६,०००।०० | ३०००।०० |
| ६. | ६/०७९/८० | साविक बबिया १ मन्दिर पछाडी देखि सियाराम गुप्ताको घर सम्म पक्की नाला निर्माण गर्ने काय, इनरुवा ९ | २५,३२,१२८।१४ | ६५,०००।०० | ३०००।०० |
| ७. | ७/०७९/८० | बुढी बज्यु मन्दिर देखि उतर अदालत रोड पक्की नाला निर्माण, इनरुवा ३ | २४,८८,१३१।२२ | ६५,०००।०० | ३०००।०० |
| ८. | ८/०७९/८० | हनुमान चौक देखि उतर रामजानकी सडक सम्म पक्की नाला तथा कालोपत्रे गर्ने कार्य, इनरुवा ४ | ५२,९९,७५८।०० | १,३५,०००।०० | ३०००।०० |
| ९. | ९/०७९/८० | वडा कार्यालय भवन निर्माण, इनरुवाः ३ | ५०,९४,८२३।२२ | १,३०,०००।०० | ३०००।०० |
| १०. | १०/०७९/८० | पक्की नाला निर्माण गर्ने कार्य, इनरुवाः २, ५, ६ , ८ | ९९,८४,६८७।४० | २,५०,०००।०० | ३०००।०० |